आज मिति २०७५ साल फागुन महिनाको २७ गते सोमबार बिहान ७:०० बजे यस बारेकोट गाउँपालिका, गाउँ कार्यपालिकाको २१ औं बैठक यस गाउँपालिकाका अध्यक्ष श्री महेन्द्र बहादुर शाहको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारका निर्णयहरु गरियो ।

उपस्थिति :

| क.स. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री महेन्द्र बहादुर शाह | अध्यक्ष | |
| २. | श्री ओमा शाही | उपाध्यक्ष | |
| ३. | अजविर सिँह | सदस्य गाउँकार्यपालिका | |
| ४. | लालभक्त सिँह | सदस्य गाउँकार्यपालिका | |
| ५. | मन बहादुर शाही | सदस्य गाउँकार्यपालिका | |
| ६. | सिर्जना बस्नेत | सदस्य गाउँकार्यपालिका | |
| ७. | कर्णे कामी | सदस्य गाउँकार्यपालिका | |
| ८. | वसन्त शाही | सदस्य गाउँकार्यपालिका | |
| ९. | शशीराम गौतम | सदस्य गाउँकार्यपालिका | |
| १०. | द्धारिका प्रसाद बुढा | सदस्य गाउँकार्यपालिका | |
| ११. | तिले महतारा | सदस्य गाउँकार्यपालिका | |
| १२. | धनविर कामी | सदस्य गाउँकार्यपालिका | |
| १३. | ऐन बहादुर परियार | सदस्य गाउँकार्यपालिका | |
| १४. | ममिता पुन(घर्ती) | सदस्य गाउँकार्यपालिका | |
| १५. | शिला सार्की | सदस्य गाउँकार्यपालिका | |
| १६. | सुन्दरी सार्की | सदस्य गाउँकार्यपालिका | |
| १७. | देउमा बुढा | सदस्य गाउँकार्यपालिका | |
| १८. | रुद्र ब.पछाई | सदस्य सचिव गा. का. पा. | |

**बैठक सचिवालयका कर्मचारीहरु**

रुद्र बहादुर पछाई
प्रमुख प्रशासकीय अधिकृत

Generated by CamScanner

## प्रस्ताव तथा निर्णयहरु :

**प्रस्ताव नं.१ : एकीकृत घुम्ती शिविर संचालन तथा व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नं. १ :** जिल्ला प्रशासन कार्यालय, जाजरकोट र यस गाउँपालिकाको समन्वयमा यही २०७५।११।२८ देखि २०७५।१२।०४ सम्म एकीकृत घुम्ती शिविर संचालन गरी नागरिकता वितरण, मतदाता नामावली संकलन, व्यवसाय दर्ता तथा अपागं परिचय पत्र वितरण गर्ने निर्णय गरियो । उक्त कार्यका लागि सम्पूर्ण वडा कार्यालयबाट आवश्यक पर्ने कागजातहरु उल्लेख गरी सार्वजनिक सूचना प्रवाह गरी व्यापक प्रचार प्रसार गर्ने । उक्त शिविर संचालनका लागि आवश्यक बजेटको व्यवस्थापन यस गाउँपालिकाबाट गर्ने ।

**प्रस्ताव नं. २. योजना अनुगमन समिति सम्बन्धमा ।**

**निर्णय नं. २(क) :** यस गाउँपालिकाबाट आ.व. २०७५।७६ मा संचालन हुने नयाँ तथा क्रमागत योजनाहरुको अनुगमन गर्ने प्रयोजनका लागि देहायको ९ सदस्यीय एक योजना अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| १. ओमा शाही | संयोजक |
| २. द्धारिका प्रसाद बुढा | संदस्य |
| ३. बसन्त शाही | सदस्य |
| ४. ने.क.पा. प्रतिनिधि (बारेकोट गा.पा.) | सदस्य |
| ५. नेपाली काँग्रेस प्रतिनिधि (बारेकोट गा.पा.) | सदस्य |
| ६. रा.प्र.पा. प्रतिनिधि (बारेकोट गा.पा.) | सदस्य |
| ७. संचारकर्मी १ जना | सदस्य |
| ८.सव ईन्जिनियर | सदस्य |
| ९. ईन्जिनियर | सदस्य सचिव |

**निर्णय नं. २(ख)** गत वर्षमा संचालित योजनाहरु उपर अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सुर्खेतमा उजुरी परेको साथै स्थानीय बासिन्दाले समेत कामै नगरी उपभोक्ता समितिलाई भुक्तानी गरेको भनी पटक पटक मौखिक तथा लिखित रुपमा यस गाउँपालिकामा निवेदन तथा उजुरी पर्न आएको हुनाले देहायका योजनाहरुको अनुगमन गरी प्रतिवेदन पेश गरी सोही प्रतिवेदनका आधारमा आवश्यक प्रकृया अगाडी बढाउनका लागि माथि उल्लेखित समितिलाई जिम्मेवारी प्रदान गर्ने ।

| क्र. स. | योजनाको नाम | लागत अनुमान( रु.हजारमा) | भुक्तानी वा पेश्की रकम( रु.हजारमा) | कैफियत |
|---|---|---|---|---|
| १ | सेपुखोला लघु जलविद्युत आयोजना, बारेकोट ८ | १८०० | ६८० | पेश्की लिएको तर फछ्र्यौट नभएको |
| २ | गाग्राखोला लघु जलविद्युत आयोजना, बारेकोट ३ | ३००० | २७०० | अन्तिम भुक्तानी भएको |

**प्रस्ताव नं. ३ : मेलमिलापकर्ता सम्बन्धमा :**

प्रस्ताव नं. ३ माथिको छलफलबाट देहायका निर्णयहरु गरियो ।

**निर्णय नं. ३(क)** न्यायिक समितिको कार्यविधिमा उल्लिखित व्यवस्था अनुसार मेलमिलापकर्ताको शैक्षिक योग्यता स्नातक तह उर्त्तीण भएको हुनु पर्ने व्यवस्थाले गर्दा २ पटक सम्म सार्वजनिक सूचना जारी गर्दा समेत उक्त योग्यता भएका कुनै पनि व्यक्तिहरु उपलब्ध नभएको र यस गाउँपालिका न्यून साक्षर भएको भौगालिक क्षेत्र अन्तर्गत पर्ने भएकोले उक्त शैक्षिक योग्यतालाई संशोधन गरी न्यूनतम शैक्षिक योग्यता कक्षा ८ पास कायम गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

Generated by CamScanner

**निर्णय नं. ३(ख)** : यस गाउँपालिकाको [illegible] आर्थिक [illegible] [illegible] ... सञ्चालन गर्ने । [illegible]

उपरोक्त

- प्रत्येक वडाबाट ३ जना का दरले ३ जना सिफारिस गरी पठाउने ।
- कम्तीमा २ जनाले एस.एल.सी पास गरेको हुनु पर्ने र बाँकी एक जना कम्तीमा ८ कक्षा पास गरेको हुनु पर्ने ।
- ३ जना मध्ये कम्तीमा १ जना महिला अनिवार्य सिफारिस गर्ने ।

**४. आधारभूत पत्रकारिता तालिम सञ्चालन तथा प्रशिक्षार्थी छनौट गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ४** : मिति २०७५।१२।२८ देखि पाँच दिन सम्म सञ्चालन हुने आधारभूत पत्रकारिता तालिमका लागि तपसिलका आधारमा प्रशिक्षार्थी छनौटका लागि डिल्ली बहादुर थापा र काली प्रसाद थापालाई जिम्मेवारी दिने निर्णय गरियो ।

- प्रत्येक वडाबाट २ जना पर्ने गरी कम्तीमा ६ जना महिला प्रशिक्षार्थी पर्ने गरी बढीमा २० जना छनौट गर्नु पर्ने ।
- प्रशिक्षार्थीहरुको शैक्षिक योग्यता कम्तीमा एस.एल.सी. उत्तीर्ण हुनु पर्ने ।

**प्रस्ताव नं.५:प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ५ :** यस गाउँपालिकाको भौगोलिक अविकसता र प्राविधिक कर्मचारीहरु दरबन्दी अनुरुप नहुँदा विकास निर्माणका क्रियाकलापमा अवरोध सिर्जना भएको छ । ९ वटा वडाहरु भएको यस गाउँपालिकामा जम्मा ४ जना सब इन्जिनियर, ३ जना अ.सब ई र १ जना ईन्जिनियर करारमा कार्यरत छन् । गाउँपालिकाको केन्द्र लिस्नामा बैंक नहुँदा प्राविधिक मूल्याकनका सम्पूर्ण कामहरु सदरमुकाम स्थित खलंगामा बसी भुक्तानीका कार्यहरु गर्नु पर्ने भएकोले नियमित अनुगमन तथा सुपरीवेक्षण गर्न नसकेको अवस्था छ । ठूला ठूला योजनाहरु कार्यान्वयनको चरणमा भएको र कम्तीमा १ वटा प्राविधिक एक वटा योजनामा खटाउनु पर्ने आवश्यकता भएकाले दरबन्दी बमोजिम आवश्यक प्राविधिक कर्मचारी नियुक्ति गरी अपुग भएमा कन्टेन्जेन्सीबाट समेत भुक्तानी हुने गरी थप प्राविधिक कर्मचारीहरु नियुक्ति गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६: विवादित योजना तथा अन्य कार्यक्रममा अवरोध भएका योजनाहरुको विवाद समाधान सम्बन्धमा ।**

**निर्णय नं. ६ :** देहायका योजना तथा अन्य कार्यक्रममा उत्पन्न भएका विवाद समाधानका लागि तपसिल बमोजिमका पदाधिकारीहरुलाई जिम्मेवारी दिने निर्णय गरियो ।

| क.स. | योजना तथा कार्यक्रम | विवाद समाधानकर्ता | प्रतिवेदन पेश गर्ने अन्तिम मिति |
|---|---|---|---|
| १ | अयारी खोला लघु जलविद्युत योजना, वडा नं. ४ | द्वारिका प्रसाद बुढा | २०७५।१२।१५ |
| २ | गापाखोला लघु जलविद्युत योजना, वडा नं. ६ | द्वारिका प्रसाद बुढा र सिर्जना बस्नेत | २०७५।१२।१५ |
| ३ | दिपेन्द्र मा.वि.सक्ला, वडा नं. ९ | बसन्त शाही, द्वारिका प्रसाद बुढा, सिर्जना बस्नेत, लोक बहादुर शिंह ,झुमराज गिरी, राज बहादुर शिंह | २०७५।१२।०८ |

Generated by CamScanner

प्रमुख प्रशासकीय अधिकृत

६

आज मिति २०७५ साल चैत्र महिनाको १० गते आईतवार विहान ७:०० बजे यस बारेकोट गाउँपालिका, गाउँ कार्यपालिकाको २२ औं बैठक यस गाउँपालिकाका अध्यक्ष श्री महेन्द्र बहादुर शाहको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारका निर्णयहरु गरियो ।

उपस्थिति :

| क.स. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री महेन्द्र बहादुर शाह | अध्यक्ष | |
| २. | श्री ओमा शाही | उपाध्यक्ष | |
| ३. | अजविर सिँह | सदस्य गाउँकार्यपालिका | |
| ४. | लालभक्त सिँह | सदस्य गाउँकार्यपालिका | |
| ५. | मन बहादुर शाही | सदस्य गाउँकार्यपालिका | |
| ६. | सिर्जना बस्नेत | सदस्य गाउँकार्यपालिका | |
| ७. | कर्णे कामी | सदस्य गाउँकार्यपालिका | |
| ८. | वसन्त शाही | सदस्य गाउँकार्यपालिका | |
| ९. | शशीराम गौतम | सदस्य गाउँकार्यपालिका | |
| १०. | द्धारिका प्रसाद बुढा | सदस्य गाउँकार्यपालिका | |
| ११. | तिले महतारा | सदस्य गाउँकार्यपालिका | |
| १२. | धनविर कामी | सदस्य गाउँकार्यपालिका | |
| १३. | ऐन बहादुर परियार | सदस्य गाउँकार्यपालिका | |
| १४. | ममिता पुन(घर्ती) | सदस्य गाउँकार्यपालिका | |
| १५. | शिला सार्की | सदस्य गाउँकार्यपालिका | |
| १६. | सुन्दरी सार्की | सदस्य गाउँकार्यपालिका | |
| १७. | देउमा बुढा | सदस्य गाउँकार्यपालिका | |
| १८. | रुद्र ब.पछाई | सदस्य सचिव गा. का. पा. | |

**बैठक व्यवस्थापनमा सहभागी कर्मचारीहरु**

| | |
|---|---|
| १. राज बहादुर सिंह | लेखापाल |
| २. पुष्कर मल्ल | ना.सु. |
| ३. श्रम बहादुर सिंह | कार्यक्रम अधिकृत |
| ४. नन्दलाल रोकाया | का.स. |

प्रमुख प्रशासकीय अधिकृत

Generated by CamScanner

प्रमुख प्रशासकीय अधिकृत

## प्रस्तावहरुको सूची यस प्रकार छ ।

१.विधेयक तथा नियमावली सम्बन्धमा ।

२.कार्यविधिहरु स्वीकृत गर्ने सम्बन्धमा ।

३.विवादहरु समाधान गर्ने सम्बन्धमा गठित समितिहरुको प्रतिवेदन सम्बन्धमा ।

४.समपूरक तथा विशेष अनुदान सम्बन्धमा ।

५.जडीबटी संकलनको लागि प्राप्त भएको धरौटी फिर्ता सम्बन्धमा ।

६.योजनाहरुको डि.पी.आर. तयार गर्ने सम्बन्धमा ।

७.स्वास्थ्य शाखाबाट पेश भएको प्रस्ताव सम्बन्धमा ।

८.आर्थिक सहायता प्रदान गर्ने सम्बन्धमा ।

९.क्रमागत योजनाहरुको अपुग बजेट व्यवस्थापन सम्बन्धमा ।

१०.मिडिया मोविलाईजेसन सम्बन्धमा ।

११. सेपुखोला लघुजलविद्युत आयोजनाको अन्तिम भुक्तानी सम्बन्धमा ।

प्रमुख प्रशासकीय अधिकृत

Generated by CamScanner

५ ६ प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव तथा निर्णयहरुको विस्तृतीकरण यस प्रकार छ ।**

**प्रस्ताव नं. १ गाउँसभामा पेश गर्नु पर्ने विधेयक तथा नियमावली सम्बन्धमा ।**

**निर्णय नं. १:** प्रस्ताव नं. १ मा उल्लिखित बारेकोट गाउँपालिकाको संस्था दर्ता सम्बन्धी विधेयक, २०७५तथा बारेकोट गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५ माथि दफावार छलफल गरी सदस्यहरुको धारणा राख्ने क्रम व्यापक रुपमा भयो । छलफल पश्चातआवश्यक संशोधन सहित उक्त संस्था दर्ता विधेयक, २०७५ तथा सार्वजनिक खरिद नियमावली, २०७५ लाई यस बैठकबाट सर्वसम्मतिले स्वीकृत गरियो । साथै उक्त विधेयक र नियमावलीलाई पारित गर्नका लागि आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.२: कार्यविधिहरु स्वीकृत गर्ने सम्बन्धमा ।**

**निर्णय नं. २:** तपसिलका कार्यविधिहरु यस गाउँ कार्यपालिकाको बैठकमा व्यापक रुपमा छलफल तथा वहस पश्चात स्वीकृत गर्ने निर्णय गरियो ।

क) बारेकोट गाउँपालिकाको आयोजना व्यवस्थापन कार्यविधि, २०७५

ख) बारेकोट गाउँपालिकाको सार्वजनिक परिक्षण कार्यविधि, २०७५

ग) बारेकोट गाउँपालिकाको व्यावसायिक फर्म दर्ता सम्वन्धी कार्यविधि, २०७५

घ) बारेकोट गाउँपालिकाको सामुदायिक संघ संस्था परिचालन कार्यविवधि, २०७५

**प्रस्ताव नं. ३ विवादहरु समाधान गर्ने सम्बन्धमा गठित समितिहरुको प्रतिवेदन सम्बन्धमा ।**

निर्णय नं. ३ : मिति २०७५।११।२७ गते बसेको कार्यपालिकाको २१ औं बैठकको निर्णय अनुसार विभिन्न विवादित तथा सुचारु हुन नसकेका योजना तथा कार्यक्रमहरुको संचालन तथा व्यवस्थापनका लागि छानविन समिति गठन भई उक्त समितिले तोकिएको कार्यसम्पन्न गरी प्रतिवेदन पेश गरेको छ । उक्त प्रतिवेदन उपर यस बैठकमा व्यापक रुपमा छलफल भयो । उक्त प्रतिवेदनमा उल्लिखित सुझाव तथा सिफारिसलाई तत्काल कार्यान्वनमा लैजान गाउँपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । साथै निर्धारित समयमै कार्य सम्पन्न गरी प्रतिवेदन पेश गर्ने समितिका संयोजक तथा अन्य सदस्यहरुलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : समपूरक तथा विशेष अनुदान माग सम्बन्धमा ।**

**निर्णय नं. ४ :**आगामी आर्थिक वर्षहरुमा संघ तथा कर्णाली प्रदेश सरकारसंग समपूरक तथा विशेष अनुदान माग गरी पहिलो प्राथमिकतामा परेका ठूला योजनाहरु संचालन, व्यवस्थापन तथा कार्यान्वय गर्न देहायका योजनाहरु छनौट गर्ने निर्णय गरियो ।

तपसिल :

१. लिम्सा दह सडक निर्माण आयोजना । (समपूरक अनुदान)

२. लिम्सा मुल्साम सडक निर्माण आयोजना । (समपूरक अनुदान)

३. फूलबारी बृहत खानेपानी आयोजना, बारेकोट २ । (समपूरक अनुदान)

४. दोबिल्ला बेली बृज, बारेकोट २ लिम्सा । (प्रदेश सरकार विशेष अनुदान )

**प्रस्ताव नं. ५ : जडीबुटी संकलनका लागि प्राप्त भएको धरौटी बापतको रकम फिर्ता सम्बन्धमा ।**

**निर्णय नं. ५ :प्रस्ताव नं. ५ माथिको व्यापक छलफलबाट देहायका निर्णयहरु गरियो ।**

५ ६ प्रमुख प्रशासकीय अधिकृत

५(१) यस कार्यपालिकाको मिति २०७५।०६।११ गतेको बैठकको निर्णय अनुसार मिति २०७५।०६।१८ देखि यस गाउँपालिका क्षेत्र भित्र पर्ने राष्ट्रिय वनमा सेतो चिनी नामक खिरागंलो जातको जडीबुटी संकलन गर्न जडीवुटी व्यवसायीहरुलाई ईजाजत प्रदान गर्दा नियमानुसार प्राप्त भएको प्रति व्यवसायी रु. २,००,०००।००(अक्षेरुपी दुई लाख मात्र । ) धरौटी बापतको रकमबाट प्रति के.जी. रु. ५।००(अक्षेरुपी रु पाँच मात्र ।) राजस्व कट्टी गर्ने ।

५(२) उक्त जडीबुटी संकलन कार्यमा खटिएका सर्वसाधारण जनताहरुको सुरक्षाका लागि खटिएका नेपाल प्रहरी, सशस्त्र प्रहरी, गाउँपालिकाका कर्मचारीहरु, स्वास्थ्यकर्मीहरु तथा उक्त कार्यका लागि खटिएका अन्य गाउँपालिकाका पदाधिकारीहरुको खाजा, खाना तथा दैनिक भ्रमण खर्च लगायतका दायित्वहरुको व्यवस्थापनका लागि प्रत्येक फर्मबाट रु. १०,०००।००(अक्षेरुपी दस हजार मात्र ।) थप दस्तुर लिनका लागि समेत निजहरुको धरौटीबाट कट्टी गरी माथि उल्लेखित खर्चलाई व्यवस्थापन गर्ने ।

५(३) माथि उल्लेखित उपखण्ड ५(२) र ५(३) को कार्यलाई व्यवस्थित गरी सत्य तथ्य पत्ता लगाई आम्दानी र खर्चको हरहिसाव यर्थात यकिन गरी भुक्तानी गर्नु पर्ने दायित्वको औचित्य पुष्टि हुने गरी खर्चका विल भरपाईहरु संकलन गर्ने, आम्दानी तथा खर्चलाई वस्तुगत र व्यवहारिक ढंगबाट समेत पुष्टि गर्ने गरी यर्थात विवरण तयार गरी लेखा शाखालाई सहयोग गर्न प्रतिवेदन पेस गर्नका लागि यस कार्यालयका प्रशासन शाखाका ना.सु. श्री तुलाराम गिरीको संयोजकत्वमा ३ सदस्यीय छानविन समिति गठन गर्ने । उक्त समितिका अन्य सदस्यहरुमा नरेन्द्र बस्नेत र श्रम बहादुर सिहंलाई तोक्ने । उक्त समितिले पेस गरेको प्रतिवेदनका आधारमा लेखा शाखाबाट सम्बन्धित व्यक्ति, कर्मचारी तथा पदाधिकारीलाई खर्चको अन्तिम भुक्तानी गर्ने ।

५(४) यस गाउँपालिकाबाट डोल्पा र जुम्लाको सिमानाबाट जडीबुटी व्यवसायीहरु तथा व्यक्तिहरुले जडीबुटी निकासी गरेको भन्ने व्यापक जनगुनासो आएकोले माथि उपखण्ड ५(३) मा गठित समितिले सत्य तथ्य पत्ता लगाई त्यसरी निकासी गरेका फर्म तथा व्यक्तिहरुको सूची पेस गर्ने र उक्त सूचीमा उल्लेखित फर्म तथा कम्पनीको सम्पूर्ण धरौटी जफत गर्ने ।

**प्रस्ताव नं.६ : योजनाहरुको डि.पी.आर. तयार गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ६ : योजनााहरुको डि.पी.आर सम्बन्धमा देहायका निर्णयहरु गरियो ।**

६(१) गाउँपालिकाको कार्यालयबाट यस आ.व.मा तयार भएका देहायका योजनाहरुको डि.पी.आर. अनुमोदन गर्ने ।

१. लिम्सा दह सडक निर्माण आयोजना ।

२. लिम्सा मुल्साम सडक निर्माण आयोजना ।

३. काउली कार्कीज्यूला घर्तीगाउँ धुम सडक निर्माण आयोजना ।

६(२) आगामी वर्षहरुमा संचालन हुने देहायका योजनाहरुको डी.पी.आर. तयार गर्ने ।

१. सेपुखोला लुवाग सडक निर्माण आयोजना ।

२. सेपुखोला सक्लाचौर सडक निर्माण आयोजना ।

३. दोविल्ला सडक पुल निर्माण आयोजना बारेकोट, २ लिम्सा जाजरकोट ।

४. दह गोठगाउँ सडक निर्माण आयोजना ।

५. सेपुखोला सडक पुल निर्माण आयोजना ।

**प्रस्ताव नं. ७ : स्वास्थ्य शाखाबाट पेश भएको प्रस्ताव सम्बन्धमा ।**

**निर्णय नं. ७ : यस गाउँपालिकाको स्वास्थ्य शाखाबाट पेश भएको प्रस्ताव उपरको छलफलबाट देहायका निर्णयहरु गरियो ।**

७(१) स्वास्थ्य शाखाको लागि कार्यालय सहयोगीको लागि विनियोजन भएको रकम रु. १,३०,०००।०० र कम्प्युटर अपरेटरको तलव रु. १,४४,०००।०० गरी जम्मा रु. २,७४,०००।००(अक्षेरुपी दुईलाख चौरहत्तर हजार मात्र ।) लाई यस

| | | | |
|---|---|---|---|
| | स्थापना | | गर्नु पर्ने भएकोले । |
| ७. | पाईप खरिद | ३०० | गाउँपालिकाका विभिन्न वडाहरुमा तत्काल खानेपानीका लागि पाईप खरिद गर्नु पर्ने भएकोले प्राविधिक ईस्टीमेट र जनताको माग र आवश्यकताको औचित्यताका आधारमा |
| ८. | शैक्षणिक अनुदान | ५४० | यस गाउँपालिका भित्रका विगत वर्षहरु देखि निरन्तर विना तलब शिक्षण गरिरहेका तल अनुसूची २ मा उल्लेखित शिक्षकहरुलाई निजहरुको कार्यको उच्च सम्मान स्वरुप विदाई गर्नु पर्ने भएकोले । |
| ९. | वन्यजन्तु तथा पशुपंक्षी संरक्षण कार्यक्रम | ५५० | बारेकोट गाउँपालिका भित्रका वन्यजन्तु तथा पंक्षी संरक्षणका लागि अभियान संचालन गरी संग्रहालय स्थापनाका लागि विभिन्न उपकरणहरु खरिद गर्नु पर्ने भएकोले । |
| १०. | उपभोक्ता समितिका लागि १ दिने अभिमूखीकरण कार्यक्रम संचालन | १२५ | गाउँपालिका भित्रका सम्पूर्ण वडाहरुमा उपभोक्ता समितिहरुलाई योजना सम्वन्धी १ दिने अभिमूखीकरण कार्यक्रम संचालन गर्नु पर्ने भएकोले । |
| ११. | योजनाहरुको डि.पी.आर तयार | १५०० | माथि निर्णय नं. ६ मा उल्लेखित योजनाहरु लगायत अन्य आवश्यक योजनाहरुको डि.पी.आर. तयार गर्न लाग्ने नियमानुसारको बजेट व्यवस्थापन गर्न आवश्यक देखिएकोले । |
| १२ | साहित्य महोत्सव सहयोग कार्यक्रम | ४४ | जाजरकोट जिल्लाका सम्पूर्ण स्थानीय तहको समन्वयमा जाजरकोटको खलंगामा गत महिनामा सम्पन्न भएको साहित्यिक महोत्सवका लागि सहयोग प्रतिवद्धता बमोजिम सहयोग गर्नु पर्ने भएकोले । |
| १३ | कन्टेन्जेन्सी खर्च(गाडी भाडा) | २०० | यातायात बापतको खर्च व्यवस्थापन गर्नु पर्ने भएकोले |
| **जम्मा**(क.स.२ र ३ बाहेक) | | ५०१४ | |

**अनुसूची १**

| क.स | विद्यालयको नाम र ठेगाना | छात्रवृत्ति संख्या | बजेट(रु.हजारमा) | कैफियत |
|---|---|---|---|---|
| १ | श्री दिपेन्द्र मा.वि.सक्ला | १ | १०० | कार्यालयले ईजाजत प्राप्त संस्थासँग समन्वय गरी कम्तीमा ६ महिने कोर्स पुरा गरी प्रमाणपत्र प्राप्त गरे पश्चात सम्वन्धित ईन्सिच्युटलाई अन्तिम भुक्तानी गर्ने साथै होटल बास खर्च सम्वन्धित प्रशिक्षार्थीलाई नै भुक्तानी गर्ने । |
| २ | श्री सीता मा.वि.कार्कीज्यूला | १ | १०० | |
| ३ | श्री दिपेन्द्र मा.वि.मूल्साम | १ | १०० | |
| ४ | श्री सरस्वती मा.वि.सिलिगेंचौर | १ | १०० | |
| ५ | श्री भगवती आ.वि.सिर्पाचौर | १ | १०० | |
| | **जम्मा** | | ५०० | |

**अनुसूची २**

| क.स. | शिक्षकको नाम | विद्यालयको नाम र ठेगाना | बजेट(रु.हजारमा) | कैफियत |
|---|---|---|---|---|
| १ | लिलराज नेपाली | श्री देउती बज्यै प्रा.वि. बारेकोट ६ | १०० | विगत १ वर्ष देखि निःशुल्क शिक्षण गर्दै आईरहेको प्रमाणित गरी सेवाबाट हटाएको जानकारी भए पश्चात मात्र भुक्तानी गर्ने । निजु शिक्षकलाई कुनै पनि श्रोतबाट गरेमा उक्त सुविधा प्रदान नगर्ने । |
| २ | धन बहादुर बोहोरा | जगत आ.वि.मैना | १२० | |
| ३ | राममाया शाह | कालिका प्रा.वि.बारेकोट ५ | १०० | |
| ४ | लाल ब.सिंह | श्री कृष्ण प्रा.वि.बारेकोट २ | १०० | |
| ५ | रुद्र ब.खत्री | श्री भगवती आ.वि. लेखम | १२० | |
| | **जम्मा** | | ५४० | |

**प्रस्ताव नं. ९ : क्रमागत योजनाहरुको अपुग बजेट व्यवस्थापन सम्वन्धमा ।**

**निर्णय नं. ९ :** यस गाउँपालिकाबाट सम्झौता भई संचालन भईरहेको भौतिक पूर्वाधार तर्फका योजनाहरुको भुक्तानी गर्न सम्वन्धित कार्यक्रममा वजेट अपुग भएमा अपुग वजेट व्यवस्थापन गर्नका लागि कार्यसम्पादनका आधारमा अन्य मिल्दो शिर्षकवाट आवश्यकता अनुसार रकमान्तर गरी भुक्तानी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १० : मिडिया मोविलाईजेसन शिर्षक अन्तर्गत संचालन गर्ने कार्यक्रम सम्वन्धमा ।**

प्रस्ताव न. १० : गाउँपालिका संचारको पहुँचबाट टाढा रहेको अवस्था छ ।

**निर्णय नं. १०** : प्रस्ताव न. १० माथिको छलफलबाट बारेकोट गाउँपालिका संचारको पहुँचबाट टाढा रहेको अवस्था छ । तथा विभिन्न पर्यटकीय स्थलको संचारकर्मीहरुले गाउँपालिका भित्रका ऐतिहासिक, धार्मिक तथा पौराणिक महत्व झल्कने सम्पदाहरु तथा विभिन्न पर्यटकीय स्थलको पहिचान एवं प्रचारप्रसार गरी सामाजिक, आर्थिक, भौतिक तथा पर्यटकीय क्षेत्रको विकासमा टेवा पुगोस् भन्ने उद्देश्यले खोज पत्रकारिताको माध्यमबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसार गर्नका लागि देहायका जिल्ला स्थित तथा राष्ट्रिय स्तरका मिडियाहरुलाई परिचालन गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

| क्र.स | संचार माध्यम | बजेट( रु.हजारमा) | कार्यक्रमको क्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १ | रेडियो जाजरकोट एफ.एम.खलगां | ९५ | सुशासन तथा जनचेतनामूलक | |
| २ | रेडियो पाइला एफ.एम खलगां | ४० | पर्यटकीय स्थल, राजनीतिक ईतिहास तथा भौतिक पूर्वाधार | |
| ३ | खलगां एफ.एम. | २५ | ऐतिहासिक तथा पौराणिक स्थलहरु | |
| ४ | रारा न्यूज अनलाईन | ५० | शिक्षा,स्वास्थ्य, खेलकुद, संचार,खानेपानी भौतिक पूर्वाधार | |
| ५ | कुशेमालिका अनलाईन | ४० | धार्मिक मुल्य मान्यता, चाडपर्वहरु तथा नृत्यहरु | |
| ६ | नारी खवर अनलाईन | ४० | महिला सशक्तीकरण र महिला जागरणका विविध आयामहरु | |
| ७ | डिजीटल संचार प्रा.लि. | ३० | खानी तथा वन्यजन्तु | |
| ८ | भेरी अनलाईन | ३० | वातावरण तथा जलवायु परिवर्तन | |
| ९ | जनसम्पर्क संचार प्रा.लि. | ३० | वित्तीय क्षेत्र । | |
| १० | सेतोपाटी डटकम प्रा.लि.काठमाण्डौ | २० | जडीबुटीका सम्भावना तथा वनजंगल संरक्षण | |
| | जम्मा | ४०० | | |
| १ | फेलोसीप कार्यक्रम | १०० | समग्र गाउँपालिकाका विविध पक्षहरुको खोज तथा अनुसन्धनात्मक आलेख प्रकाशन | कुनै ५ वटा राष्ट्रिय तथा जिल्लाका पत्राकारहरुलाई उक्त कार्यक्रमका लागि प्रस्ताव माग गरी राष्ट्रिय स्तरका ५ वटा पत्रिकामा समाचार प्रकाशन गर्नु पर्ने |
| | कूल जम्मा | ५०० | | |

**प्रस्ताव नं. ११ : सेपुखोला लघु जलविद्युत आयोजनाको लागि छानविन सम्बन्धमा ।**

**निर्णय नं. ११** : गत आ.व.२०७४।७५ मा सेपुखोला लघुजलविद्युत आयोजनाको भुक्तानीका सम्वन्धमा कार्य नभएको भनी विवाद उत्पन्न भएकोले उक्त योजनाको अवस्थाको मूल्याकंन गरी भुक्तानी गर्न मनासिव हो वा होइन सत्य तथ्य छानविन गर्न यस गाउँपालिकाको अनुगमन समितिलाई जिम्मा दिने साथै उक्त समितिले मिति २०७६।०१।१५ भित्र प्रतिवेदन पेस गर्ने र उक्त प्रतिवेदनका आधारमा अन्तिम भुक्तानी दिने निर्णय गरियो ।